# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, ७ चैत्र २०८१ साल ( संख्या ४

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

## हल्दीबारी गाउँपालिका हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१

**हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

हल्दीबारी गाउँपालिका

हल्दीबारी गाउँपालिका हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१

## प्रस्तावना

स्थानीय स्तरमा उत्पादित वस्तुलाई प्रवर्द्धन तथा बजारीकरण गर्न तथा आवश्यकता र माग अनुसार खाद्यान्न लगायत अन्य अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाहरु सरल र सुलभ तरिकाबाट आपुर्ति गर्न स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को (ञ) को अधिकार प्रयोग गरी हाट बजार व्यवस्थापन तथा संचालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ र प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन,२०७९ ले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "हल्दीबारी गाउँपालिका स्थानीय हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "संयोजक" भन्नाले हल्दीबारी गाउँपालिकाको उपाध्यक्षलाई बुझ्नुपर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिका बुझ्नुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले हल्दीबारी गाउँकार्यपालिकालाई बुझ्नुपर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हल्दीबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत बुझ्नुपर्दछ ।

(ङ) "कार्यविधि" भन्नाले हल्दीबारी गाउँपालिका स्थानीय हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१ बुझ्नु पर्दछ ।

(च) “बजार” भन्नाले हल्दीबारी गाउँपालिकाबाट व्यवस्थित हाट बजार सम्झनु पर्दछ ।

(छ) “थोक बजार” भन्नाले पुनः विक्री वितरण हुने गरी पाँच किलो वा सो भन्दा बढी कृषि वस्तुको खरिद विक्री हुने उद्देश्यले सञ्चालित स्थल सम्झनु पर्दछ ।

(ज) “हाट बजार” भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन तथा आवश्यकता वस्तुहरु विक्री गर्ने उद्देश्यले सञ्चालन भएको हाट बजार जो साप्ताहिक वा नियमित बजारलाई सम्झनु पर्दछ ।

(झ) “खुद्रा बजार” भन्नाले कृषि वस्तु उपभोक्ताहरुको लागि फुटकर रुपमा खरिद बिक्री गर्ने उद्देश्यले सञ्चालित बजार स्थल सम्झनु पर्दछ ।

(ञ) “संकलन केन्द्र” भन्नाले कृषि उपज खरिद गरी वा संकलन गरी अन्यत्र बजारमा बेच विखन गर्ने उद्देश्यले सञ्चालित स्थल सम्झनु पर्दछ ।

(ट) “सुपथ मूल्यको पसल” भन्नाले गाउँपालिकाले दैनिय उपभोग्य वस्तुहरुको सहज र सुपथ मूल्यमा उपलब्ध हुने गरी सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँग सहकार्यमा स्थापना गरेको सुपथ मुल्यको पसललाई सम्झनु पर्दछ ।

(ठ) “गाउँपालिका स्तरीय बजार व्यवस्थापन समिति” भन्नाले दफा ११ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ड) “बजार व्यवस्थापन वडा समन्वय समिति” भन्नाले दफा १३ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ढ) “बजार व्यवस्थापन समिति” भन्नाले सम्बन्धित वडामा यसै ऐन बमोजिम दर्ता भएका बजार व्यवस्थापन समितिलाई सम्झनुपर्नेछ ।

(ण) “तोके वा तोकिए बमोजिम” भन्नाले सो सम्बन्धमा प्रचलित ऐन, कानुन वा गाउँपालिकाबाट जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड वा गाउँपालिकाबाट भएको वा हुने निर्णयलाई सम्झनु पर्दछ ।

(त) “बजार व्यवस्थापन समिति अध्यक्ष” भन्नाले दफा ११ बमोजिम गठित समितीको अध्यक्षलाइ सम्झनु पर्दछ ।

(थ) सरकारी/सार्वजनिक जग्गा भन्नाले गाउँपालिका क्षेत्रभित्रका विद्यालय मठ मन्दिर गुम्वा वडा कार्यालय स्वास्थ्य चौकी प्रहरी चौकी लगायतका संघ संस्था अन्तर्गत रहेका सार्वजानिक जग्गा भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद २

## बजार सम्बन्धी व्यवस्था

३. **बजारको स्थापनाः** (१) गाउँपालिकाको स्वीकृति नलिई कुनै व्यक्ति,संस्था वा समुह वा समुदायले हल्दीबारीको क्षेत्रभित्र बजार स्थापना तथा सञ्चालन गर्न पाउनेछैन ।

(२) गाउँपालिका क्षेत्र भित्र बजार सञ्चालनका लागि गाउँपालिकाले अनुमति दिन सक्नेछ ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र स्थापित बजार बाहेक कुनै पनि स्थानमा अस्थाई बजारको स्थापना वा घोषणा गर्न सक्नेछ । यसमा कुनै उजुरबाजुर लाग्ने छैन ।

(४) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यवसायीक संस्थाले गाउँपालिकाले तोकेको क्षेत्र भन्दा बाहिर कृषि बजार वा कृषि कारोबार गर्न चाहेमा गाउँपालिकाको सिफारिसमा कृषि बजारको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) गाउँपालिका क्षेत्र भित्र बजार स्थापना, सञ्चालन र व्यवस्थापनका लागि स्थानीयबासीबाट माग भएमा देहाय बमोजिम मापदण्ड पूरा गरि बजार सञ्चालन अनुमति दिइनेछ ।

(क) समितिको बैठकको निर्णय (स्थानीयबासी तथा जनप्रतिनिधिको उपस्थितिमा आम भेला गरेर)

(ख) बजार ब्यवस्थापन समितिको नाममा हक कायम भएको हाट बजार सञ्चालनार्थ न्युनतम ३ कठ्ठा जमिनको विवरण गाउँपालिकामा पेश

(ग) सधियारसँग किचलो नभएको वडाबाट सर्जमिन मुचुल्का

(घ) नजिकमा वन क्षेत्र वा सामुदायिक विद्यालय भए सोको सिफारिस पत्र

(ङ) सार्वजनिक सडक र राजमार्गको क्षेत्राधिकार भित्र नपर्ने गरी सडकको पहुँच भएको स्थान

(च) हाट बजार पर्ने सडक, ढल, फोहोर व्यवस्थापन, खानेपानी, सौचालयको व्यवस्था गर्ने प्रतिवद्धता र तोकिएको समयमा सो संरचनाको व्यवस्थापन

(छ) प्रस्ताव गरेको जग्गाको गाउँपालिकाबाट अनुगमन, सुपरिवेक्षण

(ज) वडाको सिफारिस

(झ) विधान सहित बजार व्यवस्थापन समितिको गठन दर्ता

(ञ) हाट बजार सञ्चालनार्थ प्रस्तावित जग्गा स्थानीय तहको नाममा पास गर्नुपर्नेछ

(ट) गाउँपालिकाले आवश्यकतानुसार माग गरेको अन्य कागजातहरु ।

(२) गाउँपालिकाले नजिकको बजारसँगको सामिप्यता, स्थानीय माग, पूर्वाधारको अवस्था, उपयुक्तता समेतलाई मध्यनजर गरी गाउँपालिकाले सबै मापदण्ड पूरा गर्ने गरी केही समयलाई प्रारम्भिक स्वीकृति दिन सक्नेछ र तोकिए बमोजिम वा आंशिक मापदण्ड पूरा गरेमा वा गर्न सक्ने देखिएमा वा गाउँकार्यपालिकाबाट निर्णय भएमा कार्यालयले स्वीकृति दिन सक्नेछ । तर हाट बजार सञ्चालनका लागि तोकिएको जग्गा गाउँपालिकाको स्वामित्वमा नरहेमा स्वीकृति दिइनेछैन ।

(३) बजारको सञ्चालन तथा व्यवस्थापन गर्न बजार व्यवस्थापन समिति गठन गरी गाउँपालिकामा दर्ता गर्नु पर्नेछ, तर परापूर्वक कालदेखि सञ्चालन रहेको हाट बजारको हकमा सम्बन्धित बजार व्यवस्थापन समितिले पेश गरेको विधान तथा निर्णण सिफारिसका आधारमा गाउँपालिका स्थानीय बजार व्यवस्थापन समिति गठन वा दर्ता गरी स्वीकृति दिनेछ । यस्तो स्वीकृति पालना गर्नु बजार व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

(४) गाउँपालिकाले सम्भव भए सम्म परापूर्व कालदेखि सञ्चालन रहेको हाट बजारको विस्तार र व्यवस्थापनका लागि आवश्यक जग्गाको खोजी र प्राप्तिको कार्य गर्नेछ । त्यसरी प्राप्त जग्गा गाउँपालिकाको स्वामित्वमा रहनेछ ।

(५) गाउँपालिकाले पशु हाट बजार सञ्चालनका लागि तोके बमोजिम आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

(६) कृषि हाट बजारमा मासु बजारलाई व्यवस्थापन गर्न बजारमा अलग्गै बधशाला तथा विक्रि स्थल राखिनेछ र त्यसको तोकेबमोजिमको मापदण्ड र गुणस्तर कायम गर्नु पर्नेछ ।

(७) गाउँपालिकाले कुनै बस्तु र सेवाको कारोबार गर्न निश्चित ठाउँ तोक्न सक्नेछ

(८) हल्दीबारी क्षेत्र भित्रका हाट बजार साप्ताहिक रुपमा कुन बार लगाउने भनि कार्यपालिकाले निर्णय गर्नेछ र तोके बमोजिम हाट बजार लाग्नेछ ।

(९) खुद्रा बजार सञ्चालन र व्यवस्थापन वडा समितिले गर्नेछ । खुद्रा बजार सञ्चालन गर्दा सार्वजनिक सडकको क्षेत्राधिकार भित्र पर्ने गरी गर्नु हुँदैन । खुद्रा बजारमा स्थानीय उत्पादन भएका कृषि सामाग्री फुटकर रुपमा विहान बेलुका केही घण्टा विक्री गर्ने गरी वडा समितिले आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।

(१०) सरकारी वा सार्वजानिक जग्गामा हाटवजार सञ्चालन भईरहेको भएमा जग्गा उपभोगकर्ताले तोकिएको भिटौरी/बहाल कर नबुझाएको भए तत् तत् संस्थाहरुको सिफारिसमा नियमानुसार कर असुल उपर गरिनेछ ।

४. **बजारको बर्गीकरणः** (१) यस कार्यविधिको दफा ३ बमोजिम स्थापना हुने बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा(१) बमोजिम बजार सञ्चालन वापत लाग्ने शुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ र सो शुल्क गाउँपालिकाले निर्णय गरी आवश्यक विधि प्रक्रिया बमोजिम संकलन गर्ने छ ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद- ३

## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्वसम्बन्धी व्यवस्था

**५. उपभोक्ताको अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले प्रचलित कानुनबमोजिम उपभोक्तालाई प्राप्त अधिकार सम्बर्द्धन र संरक्षण गर्नेछ ।

(२) उपदफा(१) बमोजिमको अधिकार संरक्षण र संबर्द्धनका लागि नीति तथा कार्यक्रम तयार गर्नेछ ।

(३) गाउँपालिकाले विश्व उपभोक्ता अधिकार दिवस मनाउन विविध कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) गाउँपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमनसम्बन्धी व्यवस्था गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

(५) गाउँपालिका भित्र उपभोक्ता सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम गाउँपालिका र स्थानीय बजार व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

६. **वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्वः** गाउँपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवा प्रदायकले प्रचलित कानुन बमोजिमको दायित्व पूरा गर्नुपर्नेछ ।

## परिच्छेद ४

## दर्ता, अनुमति, सिफारिस, नवीकरण

७. **व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्र भित्र विक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता,

सञ्चयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा बिक्रेताले आफ्नो कारोबार सञ्चालन गर्दा गाउपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्या-पर्यटनसँग सम्बन्धित व्यवसाय कारोबार सञ्चालन गर्दा गाउँपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(३) गाउँपालिका भित्र सञ्चालित बजारको व्यवस्थापन गर्न सम्बन्धित बजार क्षेत्रका सरोकारवालाहरुले स्थानीय बजार व्यवस्थापन समिति गठन र दर्ता गर्नुपर्नेछ । उक्त दर्ता सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा(१),(२) र (३) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदनउपर गाउँपालिकाले आवश्यक छानबिन गरी दर्ता वा स्वीकृत गर्न मिल्ने भए दर्ता वा अनुमति गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ । दर्ता वा अनुमति गर्न नमिल्ने भए सोको स्पष्ट कारणसहित नियमानुसार आवेदकलाई जानकारी गराइनेछ ।

(५) दर्ता अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(६) दफा ७ बमोजिम दर्ता भएका पसल,हाट बजार, मेला, समिति आदिले तोकिए बमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

## परिच्छेद ५
## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापनसम्बन्धी व्यवस्था

८. **अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुनेः** (१) कसैले पनि गाउँपालिका भित्र देहाय बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मुल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँची, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वितरण गर्ने,

(ख) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा विक्री गर्ने वा गराउने,

(ग) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मुल्य बढाउने, जम्माखोरी गर्ने वा विक्री गर्ने,

(घ) विक्री गरेको वस्तु वा सेवाको वील वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा विजक जारी नगर्ने,

(ङ) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानी, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु विक्री गर्ने,

(च) म्याद गुज्रेका वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई वस्तु विक्री गर्ने,

(छ) उपभोग गर्न नसकिने गुणस्तरहीन बस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ज) उत्पादक, आपुर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट लागेको लागत र तोकिएभन्दा बढी मुल्य निर्धारण गर्ने वा विक्री गर्ने,

(झ) प्रचलित ऐन कानुन विपरित हुने गरी व्यापारिक क्रियाकलाप गर्ने,

९. **आपूर्ति व्यवस्थापनः** (१) गाउँपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवा प्रदायक वा विक्रेताले गर्नु पर्नेछ ।

(२) गाउँपालिका आफैंले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट गाउँपालिका भित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(३) गाउँपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा विक्रेताले दिनुपर्नेछ ।

(४) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भिर संकट वा विचलनको अवस्था आएमा गाउँपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(५) आपूर्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **वस्तु र सेवाको बिक्रीस्थल सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा(१) बमोजिम प्रदायकले तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्री वितरण गर्न पाइने छैन ।

(३) वस्तु वा सेवा सञ्चालन वा बिक्री वितरणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## बजार व्यवस्थापन समिति

११. **गाउँपालिका स्तरीय बजार व्यवस्थापन समितिः** (१) हल्दीबारी गाउँपालिकामा रहेका स्थानीय बजार व्यवस्थापन गर्न देहाय बमोजिम गाउँपालिका स्तरीय बजार व्यवस्थापन समिति गठन हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) वडा अध्यक्ष(सबै) -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक -सदस्य

(ङ) संयोजकले तोकेको एक जना वडा सदस्य -सदस्य

(च) बजार व्यवस्थापन समितिले तोकेको प्रतिनिधि एक जना -सदस्य

(छ) उद्योग तथा बाणिज्य संघले तोकेको एक जना प्रतिनिधि -सदस्य

(ज) कृषि/पशु शाखा प्रमुख -सदस्य

(झ) योजना शाखा प्रमुख -सदस्य

(ञ) पूर्वाधार शाखा प्रमुख (इन्जिनियर) -सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृतले तोकेको बजार व्यवस्थापन हेर्ने कर्मचारी -सदस्य सचिव

(२) समितिले आवश्यक अन्य विज्ञ वा सरोकारवाला आमन्त्रित गर्न सक्नेछ ।

(३) गाउँपालिका स्तरीय बजार व्यवस्थापन समितिले स्थानीय बजार सञ्चालन र व्यवस्थापनका लागि विभिन्न छलफल, गोष्ठी वा निर्णय गर्न सक्नेछ ।

(४) उपादफा (१) को (च) को प्रतिनिधि नतोकिएको अवस्थामा समितिले बैठक बस्न तथा निर्णय गर्न कुनै बाधा पर्ने छैन ।

(५) समितिको गणपुरक संख्या ५० प्रतिशत भन्दा बढी हुनुपर्नेछ ।

१२. **गाउँपालिका स्तरीय बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस कार्यविधिमा अन्यत्र व्यवस्था भए देखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय स्तरमा व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमाका लागि छलफल र सिफारिस गर्ने,

(ख) बजार व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक छलफल तथा साझा धारणा विकास गर्न,

(ग) कुनै बजार सञ्चालन तथा व्यवस्थापनमा केही समस्या परेमा उक्त समस्या उपर छलफल गरी समस्या समाधानको खोजी गर्न,

(घ) बजारको भौतिक पूर्वाधारका विषयमा अध्ययन, विश्लेषण गरी गाउँपालिकालाई सिफारिस गर्ने,

(ङ) बजार क्षेत्रमा निशुल्क खानेपानी, शौचालय र पार्किङ्कको व्यवस्थापन गर्ने गराउने,

(च) पूराना बजार लागि आवश्यक थप जग्गाको खोजी तथा प्राप्ती गर्ने साथै प्रस्तावित नयाँ बजारका लागि जग्गाको खोजी र प्राप्ती गर्ने,

(छ) अन्य आवश्यक व्यवस्थापनका कार्य गर्ने ।

१३. **बजार व्यवस्थापन वडा समन्वय समितिः** (१) स्थानीय बजार सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक सहजीकरण गर्न देहाय बमोजिम समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| सम्बन्धित वडा अध्यक्ष | -संयोजक |
| सबै वडा सदस्य | -सदस्य |
| स्थानीय बजार व्यवस्थापन समितिको अध्यक्ष | -सदस्य |
| सम्बन्धित स्थानीय प्रहरी चौकी प्रमुख | -सदस्य |
| वडा सचिव | -सदस्य सचिव |

वडा समन्वय समितिले गरेको बैठक र निर्णयको जानकारी यथाशिघ्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

१४. **स्थानीय बजार सञ्चालन तथा व्यवस्थापन समितिः** (१) यस कार्यविधिको दफा (३) बमोजिम स्थापना हुने वा भएको बजारको सञ्चालन तथा व्यवस्थापन गर्न ७ देखी १३ सदस्यीय बजार व्यवस्थापन समिति रहनेछ । कार्यपालिकाको निर्णय अनुरुप सम्बन्धित वडाले सरोकारवालाहरुको भेला गरी सकेसम्म सर्वसम्मत रुपले स्थानीय बजार व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा(१) बमोजिम पटक पटक प्रयास गर्दा पनि सर्वसम्मत समिति गठन हुन नसकेमा वडा समितिले बजार व्यवस्थापन समितिको गठन गरी कार्य सञ्चालन गर्नेछ ।

(३) स्थानीय बजार व्यवस्थापन समिति गठन हुन नसकेमा गाउँपालिकाले आवश्यक निर्णय गरी बजार सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(४) परम्परागत रुपमा सञ्चालन भई रहेका बजारमा रहेका बजार व्यवस्थापन समितिले नियमानुसार गाउँपालिकामा विधान सहित दर्ता हुनु पर्नेछ ।

१५. **स्थानीय बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस कार्यविधिमा अन्यत्र व्यवस्था भए देखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजार सञ्चालन र व्यवस्थापनका लागि आफ्नो क्षेत्राधिकार भित्रका विषय सम्बन्धि आवश्यक छलफल, अन्तरक्रिया र बैठक सञ्चालन गर्ने,

(ख) स्थानीय स्तरमा व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ग) बजार तथा व्यवसाय प्रवर्द्धन गर्ने गाउँपालिकासँग समन्वयन र सहकार्य गर्ने,

(घ) बजार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम, मेला, स्टल लगायत गाउँपालिकाको स्वीकृतिमा सञ्चालन गर्ने,

(ङ) बजार तथा व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्थापन गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) बजार तथा व्यवसायको प्रवर्द्धन तथा विकासका लागि बजार क्षेत्र र आसपासमा गाउँपालिकाको स्वीकृतिमा भौतिक संरचना निर्माण गर्ने गराउने,

(छ) बजार क्षेत्रमा उत्सर्जन हुने फोहोर मैला, ढलको व्यवस्थापन गर्ने गराउने,

(ज) बजारमा सार्वजनिक निःशुल्क शौचालयको अनिवार्य व्यवस्था मिलाउने,

(झ) बजार क्षेत्रमा निशुल्क पार्किङ्गको व्यवस्था मिलाउने,

(ञ) सामाजिक उत्तरदायित्व वहन गर्न सामाजिक सचेतना अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने, सरसफाई, बजार सुरक्षा, बजार सौन्दर्यीकरण जस्ता कार्य गर्ने,

(ट) बजारसँग सम्बन्धित विषय उपर गुनासो सुन्ने अधिकारी तोकि सोको जानकारी बजारमा देख्ने गरी टाँस गरी राख्नु पर्नेछ । गुनासो सुन्ने अधिकारीले प्राप्त गुनासो उपर आफुले सक्ने भए आफै वा समिति मार्फत वा वडा कार्यालय मार्फत वा गाउँपालिका मार्फत सुनुवाइ गर्ने प्रयास गर्नु पर्नेछ ।

(ठ) बजारको भौतिक संरचनाको मर्मत, सुरक्षा गर्ने गराउने,

(ड) बजारमा विक्रि हुने वस्तु तथा सेवाको गुणस्तरको अनुगमन तथा नियमन गर्ने,

(ढ) विधान बमोजिम आफ्नो कार्य सम्पदान गर्ने, साधारणसभा गर्ने

(ण) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

(२) उपदफा (१) बमोजिम समितिको काम कर्तव्य र अधिकारका विषयमा गाउँपालिकाले नियमन, नियन्त्रण, निर्देशन दिन सक्नेछ । समितिले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा कुनै व्यक्ति, संस्था, समुदाय वा वर्गलाई चित्त नबुझेमा वडा कार्यालयमा मौखिक वा लिखित वा गोप्य उजुरी गर्न सक्ने छ, त्यसरी उजुरीका सम्बन्धमा वडा समितिले आवश्यक निर्णय वा सहजीकरण गर्ने छ । यसरी सुनुवाई नभएमा गाउँपालिकाले आवश्यक निर्णय गर्नेछ ।

## परिच्छेद ७

## विविध

१६. **सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्नेः** (१) गाउँपालिका दैनिक उपभोग्य वस्तुहरुको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँग सहकार्यमा सुपथ मुल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मुल्यको पसलसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **वातावरण सफा र स्वच्छ राख्नुपर्नेः** (१) गाउँपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका प्रदायकले सरसफाई र स्वच्छतामा हानि, नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबारस्थल, सडक, बाटो सफा राख्नु तथा आफुले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

(३) समग्र बजार स्थल र आसपासमा सरसफाइ गर्नु, फोहोर व्यवस्थापन गर्नु स्थानीय बजार व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

१८. **दर्ता नविकरणः** (१) हाट बजारमा स्थापना हुने अन्य पसल, व्यवसाय, उद्योग वा त्यस्तै प्रकृतिका पसल कानुन बमोजिम दर्ता नविकरण हुनुपर्नेछ ।साथै बजार व्यवस्थापन समितिले तोके बमोजिम दर्ता नवीकरण गर्नु पर्नेछ ।

१९. **उजुरीः** (१) प्रचलित ऐन तथा यस कार्यविधि विपरित कुनै प्रदायक वा समितिले कुनै कसुर गरेको पाइएमा गाउँपालिका समक्ष उजुरी दिन सकिनेछ ।

(२) त्यसरी प्राप्त उजुरी उपर गाउँपालिकाले आवश्यक छानबिन गरी कारबाही गर्नु पर्ने भए कारबाही प्रकृया अगाडी बढाउने छ।

२०. **कारवाही तथा खारेजीः** (१) कुनै बजार व्यवस्थापन समितिले अनुचित कार्य गरेको वा व्यवस्थापन कार्य गर्न नसकेको वा तोके बमोजिम कार्य गर्न नसकेमा गाउँपालिकाले निर्णय गरी आवश्यक कारबाही वा खारेज गर्न वा अर्को व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

२१. **बजार अनुगमनः** बजार अनुगमनसम्बन्धी व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

२२. **निर्णय तथा मापदण्ड बनाउन सक्नेः** यस ऐनलाई कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।गाउँ कार्यपालिकाले यो ऐनको प्रचलन गराउन वा कुनै विषय उपर आवश्यक निर्णय गर्न सक्नेछ ।

२३. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा लेखिएको बिषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२४. **बचाउः** यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ । साथै परापूर्वककाल देखी चलिआएका हाट बजारका सम्बन्धमा गाउँपालिकाबाट लगाइएका ठेक्का सम्बन्धी कार्य यसै अन्तरगत भएको मानिनेछ ।

**आज्ञाले,**
**मान बा वन .(महेन्द्र)**
**प्रमुख प्रशासकीय अधिकृत**